नेपाल सरकार

वाणिज्य मन्त्रालय

*व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र*

पुल्चोक, ललितपुर

# सवारी साधन (जीप) खरिद सम्बन्धी बोलपत्र आह्वानको सूचना

## बोलपत्र नं. TEPC/NCB-V1-2074/75

## (प्रथम पटक सूचना प्रकाशित मितिः २०७४।०९।१४)

यस केन्द्रको लागि तपसिल बमोजिमको चारपांग्रे सवारी साधन (जिप) खरिद गर्नु परेकोले इच्छुक फर्म वा कम्पनीहरुबाट देहायका शर्तहरुको अधिनमा रही बोलपत्र आह्वान गरिएको छ ।

**तपसिल**

| बोलपत्र नम्बर | सवारी साधनको किसिम | आवश्यक संख्या |
|---|---|---|
| TEPC/NCB-V1-2074/75 | 4WD,AC सहितको Full Option भएको ८ सिटर जीप | १ वटा |

१. योग्य बोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजातहरु केन्द्रको कार्यालय पुल्चोक, ललितपुरबाट लिखित निवेदनका साथ कम्पनी/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी, PAN/VAT दर्ता प्रमाणपत्र र आ.व. २०७३।७४ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी पेश गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिन भित्र प्राप्त गर्न सक्नेछन् । यस्तो निवेदनको साथमा बोलपत्र सम्बन्धी कागजातको दस्तुर रु.३,०००।००(तीन हजार रुपैयाँ) फिर्ता नहुने गरी यस केन्द्रको नाममा नेपाल इन्भेष्टमेण्ट बैंक, पुल्चोकमा रहेको खाता नं. ००४०५०१००३२४३२ मा जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्नेछ ।

२. शिलबन्दी गरिएको बोलपत्र केन्द्रको कार्यालयमा मिति २०७४।१०। १४ गते दिनको १२:०० बजे भित्र बुझाउनु पर्नेछ । शिलबन्दी गरिएको बोलपत्रको खाममा स्पष्टसँग बोलपत्र नम्बर उल्लेख गर्नुपर्ने छ ।

३. शिलबन्दी गरी तोकिएको समयभित्र पेश भएका बोलपत्रहरु उपस्थित हुन चाहेका बोलपत्रदाता वा नीजको प्रतिनिधिको रोहबरमा, केन्द्रको कार्यालय, पुल्चोक, ललितपुरमा मिति २०७४।१०।१४ गते दिनको १:०० बजे खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएता पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

४. बोलपत्रदाताले पेश गरेको बोलपत्रको म्याद बोलपत्र खोलिएको दिनदेखि गणना हुने गरी कम्तिमा ९० दिनसम्मको लागि मान्य हुने गरि पेश गर्नुपर्नेछ । बोलपत्रको साथ नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "क" वर्गको बैंकबाट जारी गरिएको रु.२,५०,०००।०० (दुई लाख पचास हजार रुपैयाँ) बराबरको सक्कल बोलपत्र जमानत पेश गर्नु पर्नेछ । त्यस्तो बोलपत्र जमानतको मान्य हुने अवधि बोलपत्र खोलिएको दिन देखी १२० दिन सम्मको हुनु पर्नेछ ।

५. बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन र समयमा बोलपत्र पेश गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ । यस्तो अवस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधि भने साबिककै मितिदेखि गणना गरिने छ ।

६. म्याद नाघि र रित नपुगि प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

७. कुनै वा सबै बोलपत्र कारण जनाई वा नजनाई पुरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार केन्द्रमा निहित रहने छ ।

८. यो सूचनामा उल्लेख हुन छुट भएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

९. योग्य बोलपत्रदाताहरूले थप जानकारीको लागि वा बोलपत्र सम्बन्धी कागजातहरु र स्पेसिफिकेशन हेर्न (अध्ययन गर्न) चाहेमा कार्यालय समय भित्र यस केन्द्रमा सम्पर्क राख्न सक्नेछन् ।

१०. यो सूचना केन्द्रको वेभसाइट www.tepc.gov.np मा समेत हेर्न सकिनेछ । साथै यस सम्वन्धी थप वुझ्नु परेमा यस केन्द्रको फोन नं.०१५५५११५७, ०१५५२५८९८, ०१५५३२६४३ मा सम्पर्क गर्न सकिनेछ ।